नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)
(..............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- २०८०/०८१(अनुमतिपत्र)
चलनी नं.:- १११६

मिति: २०८१/२/२०

विषय : देवढुङ्गा चाकु खोला अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे ।

श्री देवढुङ्गा मालिका हाइड्रोपावर कम्पनी प्रा.लि.
काठमाडौं महानगरपालिका वडा नं. १०, नयां बानेश्वर, काठमाडौं ।
फोन नं. : ४४८०२५१
सम्पर्क मोवाइल नं. : ९८५१२२९७५५, ९८५१०५०६४०,

प्रस्तुत विषयमा तहाँले देवढुङ्गा चाकु खोला अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजना (३.५६ मे.वा.)को विद्युत उत्पादनको अनुमतिपत्र पाउन दिएको दरखास्त माथि कारवाही हुंदा नपुग कागजात विवरणहरू पेश गर्न पटक पटक तहाँलाई पत्राचार गरिएकामा तपशिल बमोजिमका कागजात विवरणहरू अझै पेश भएको नदेखिंदा सो विवरणहरू ७ दिनको समयावधि भित्र पेश गर्नुहुन र सो अवधिमा विवरणहरू पेश नभएमा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा २९(१)(क) बमोजिम कारवाही गरिने व्यहोरा विभागको मिति २०८१/२/१७ को निर्णयानुसार जानकारी गराईन्छ ।

<u>पेश गर्नु पर्ने नपुग र थप कागजात विवरण) :</u>

१. शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने विवरण तथा जानकारी,
२. आयोजनामा लगानी गरिने शेयर बराबरको कम्पनीको खुद सम्पत्ति (नेटवर्थ), वा सो बराबरको रकम शेयरको रूपमा शेयरधनीहरुले लगानी गर्न सक्ने क्षमता पुष्टि हुने बैंक विवरण (स्टेटमेन्ट), वा अन्य सम्पत्ति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने प्रमाणित कागजात, बैंक जमानत (स्टेटमेन्ट) वा अन्य सम्पत्ति विवरण रजिष्टर्ड चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको प्रति र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात तथा रजिष्टर्ड चार्टर्ड एकाउण्टेण्टबाट प्रमाणित गरिएको प्रवर्द्धक कम्पनीको खुद सम्पति (नेटवर्थ) पुष्टि हुने आधार प्रमाण, (विभागको वेबसाइट www.doed.gov.np/Downloads/License-Related-Documents) मा दिएको ढाँचामा), Desired Engineering Consultancy Pvt.Ltd. बाट तयार Valuation Report रिपोर्ट र सबै शेयर होल्डरहरुको Declaration Sheet of Total Liabilities समेत |
३. आयोजनामा प्रत्यक्ष रुपले ऋण लगानी गर्ने वित्तीय संस्थाहरुसँग भएको ऋण सम्झौता वा ती संस्थाहरुले शेयर र ऋण लगानीको अनुपात स्पष्ट खुल्ने गरी जारी गरेको ऋण लगानी गर्न व्यक्त गरेको अद्यावधिक प्रतिबद्धतापत्र (LOI),
४. शेयर पुंजी लगानी गर्ने विषयमा भएको शेयर होल्डर सम्झौता (शेयर पुंजी र ऋणको अनुपात तथा Total Project Cost with IDC खुल्ने गरी),
५. आ.व. २०७९/०८० को Audited Financial Report.
६. निर्माण कार्यको विस्तृत तालिका,
७. आयोजनाको लागि आवश्यक घर जग्गा र सोको उपयोग सम्बन्धी विवरण वा आयोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्ति गरिने सरकारी वा निजी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत,
८. बहाल रहेको विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) तथा विद्युत खरिद बिक्रीको सम्झौता,
९. उत्पादित विद्युत प्रसारण गर्ने व्यवस्था सम्बन्धी विवरण |

(दुर्गानारायण भुसाल)
ईन्जिनियर

बोधार्थ:
श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।